आज मिति २०७७/०७/२५ गते मंगलवारका दिन धवलागिरी गाउँपालिका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री थमसरा पुन | अध्यक्ष | |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| श्री झक बहादुर छन्त्याल | वडा नं. १ अध्यक्ष | |
| श्री राम प्रसाद वि क | ,, ,, २ ,, | |
| श्री पूर्ण पुन | ,, ,, ३ ,, | |
| श्री मेग बहादुर घर्ती | ,, ,, ४ ,, | |
| श्री खड्क कुमारी छन्त्याल | ,, ,, ५ ,, | |
| श्री रघुराम उपाध्याय | ,, ,, ६ ,, | |
| श्री कलानिधी शर्मा | ,, ,, ७ ,, | |
| श्री राम बहादुर विक | कार्यपालिका | सदस्य |
| श्री तिल कुमारी के.सी | ,, | ,, |
| श्री देउ प्रसाद छन्त्याल | ,, | ,, |
| श्री बल कुमारी सुनार | ,, | ,, |
| श्री खुवा देवी पुर्जा | ,, | ,, |
| श्री किनमाया घर्ती | ,, | ,, |
| श्री गोपाल शर्मा | सदस्य सचिव | |

प्रस्तावहरु:

१. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ प्रणालीमा लैजाने सम्बन्धमा ।
२. कोरोना भाइरसका कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद र शव व्यवस्थापन स्थल सम्बन्धमा ।
३. कोरोना अस्थाई अस्पतालका लागि कर्मचारी आवश्यकता लागि पुन विज्ञापन र MBBS डाक्टरको पारिश्रमिक सम्बन्धमा ।
४. राष्ट्रिय गौरव आयोजनामा क्लेम र योजना माग सम्बन्धमा ।
५. योजना संशोधनका लागि माग गर्ने सम्बन्धमा ।
६. पहिरो पीडितको राहतको लागि भएको खर्च भुक्तानी सम्बन्धमा ।
~~६~~ ७. राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।
८. खानी उत्खननका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।
९. गाउँपालिकाको प्रशासनिक भवनका लागि बजेट माग गर्ने सम्बन्धमा
१०. मोटरबाटो आसपासका ढुंगा लगायत प्राकृतिक स्रोतको अवैध उत्खनन नियन्त्रण सम्बन्धमा
११. कानुनी सल्लाहकार र मुद्दा प्रतिरक्षाका लागि ओकालती सम्बन्धमा ।

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँपालिकाका सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई अनिवार्य बैंकिङ प्रणालीमार्फत गर्ने र सो कार्यका लागि लिखित सम्झौता मार्फत बैंकलाई वितरण प्रणालीलाई सहजीकरण गरिदिन आग्रह गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र कोरोना भाइरसका कारण कसैको ज्यान गएमा शव व्यवस्थापनका लागि वडा नं. ३ स्थित दर खोला नजिक रहेको पूर्व आर्मीक्याम्प (?) लाई तोक्ने साथै शव व्यवस्थापनका लागि ~~तपशिलमा उल्लेखित~~ आवश्यक, सामाग्रीहरु विपद (प्रकोप) व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिकामा ५ शैयाको कोरोना अस्थाई अस्पतालका लागि स्वास्थ्यकर्मी नियुक्तिका लागि मिति २०७७/०४/१२ मा दरखास्त आह्वान गरिएकोमा १ जना स्टाफ नर्सको मात्र दरखास्त परेकोले मेडिकल अधिकृत र १ जना स्टाफ नर्स नियुक्तिका लागि पुन दरखास्त आह्वान गर्ने साथै मेडिकल अधिकृतलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलमा थप गरी मासिक रु. ९०,०००।- (अक्षरुपी नब्बे हजार मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ६ शिवाङ स्थित हेम मा.वि. मा नमुना आवासीय मा.वि. होस्टेल निर्माण योजनाका लागि राष्ट्रिय योजना आयोगबाट रु. ५०,००,०००।- (अक्षरुपी रु. पचास लाख) विनियोजन भएको बजेटबाट लकडाउनको अवधिमा सम्झौता भई हाल कार्यसम्पन्न हुने अवस्थामा रहेकोले आवश्यक बजेट व्यवस्थापनका लागि लिखित रुपमा आग्रह गर्ने साथै तपशिलमा उल्लेखित योजनाहरु राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र. सं. | योजनाको नाम |
|---|---|
| १ | हिमालयन हाइवे नामाकरण हुने गरी मुना मुदी र गुर्जा स्थित चुरेन र पुथा हिमाल बेसक्याम्प हुँदै डोल्पा जोड्ने सडक आयोजना |

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा शहरी विकास मन्त्रालय बाट यस गाउँपालिका वडा नं. ६ लाकममा घनाबस्ती विकास कार्यक्रम - रु. ५०,००,०००।- र एकीकृत बस्ती विकास कार्यक्रम - रु. ५०,००,०००।- विनियोजन भएको तर आषाढ २५ र सोपछिको [illegible]

कारण आएको बाढी पहिरोले ताकम स्वास्थ्य चौकि र ताकमको क्षेत्र क्षत विक्षत भएकाले माथि उल्लेखित योजनाहरुलाई सोहि क्षेत्रमा तटबन्धन निर्माण र पहिरो नियन्त्रण योजना कायम गरि संशोधनका लागि शहरी विकास मन्त्रालय, काठमाण्डौंमा अनुरोध गर्ने निर्णय सर्वसम्मत रुपले पारित गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा आषाढ २५ गते रातिको अविरल वर्षापछि आएको बाढी पहिरोका कारण विस्थापितहरुको उद्धार र सुरक्षित स्थलमा स्थानान्तरण पश्चात विस्थापितहरुलाई खाना खाजा लगायत अन्य कार्यमा प्रतिक स्टेशनरी एण्ड जनरल स्टोर्सबाट लिइएका सामानहरु बापत बिल बमोजिमको रकम रु. ६५,९३०।- (अक्षरुपी पैंसट्ठी हजार नौं सय तिस मात्र) प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा नेपाली वैज्ञानिकहरुको ज्ञान सीप प्रयोग गरी नयाँ नयाँ खोज र आविष्कार गर्ने र नेपाली प्रविधिलाई विश्व-व्यापीकरण गर्ने उद्देश्यसाथ स्थापना भएको राष्ट्रिय आविष्कार केन्द्रलाई रु. ५०,०००।- (अक्षरुपी पचास हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउँपालिकाका तपशिल बमोजिमका स्थानहरुमा रहेका खानीहरुको उत्खननका लागि आवश्यक अध्ययन, अनुसन्धानको प्रक्रिया अगाडि बढाइदिन खानी तथा भूगर्भ विभाग समक्ष ~~आवश्यक~~ आग्रह गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र. स. | वडा | सम्भावित खानीहरु |
|---|---|---|
| १. | १, गुर्जा | क्वार्ज र तामाखानी |
| २. | २, लुलाङ. | स्लेट र स्वर्ण |
| ३. | ३, मुना | फलाम र स्लेट |
| ४. | ४, मुदी | सुनखानी, स्लेट, नुनखानी र तामाखानी |
| ५. | ५, मल्काङ. | तामाखानी |
| ६. | ७, ताकम | तामाखानी |

निर्णय नं. ९ प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकाको हालसम्म स्थायी प्रशासनिक संरचना निर्माण हुन नसकेकोले प्रशासनिक संरचना निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेकोले गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि डिपिआर तयार गरी राष्ट्रिय योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश समक्ष आवश्यक बजेट माग गर्ने निर्णय

प्रमुख प्रशासकीय अधिकृत

सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० उपर छलफल गर्दा यस गाउँपालिका भित्र निर्माण भएका तपशिल बमोजिमका सडकहरुको ३० मिटर दायाँबायाँ (व्यक्ति को नाममा दर्ता भएको जग्गा बाहेक) ढुङ्गा लगायतका प्राकृतिक स्रोत अवैध रुपमा उत्खननमा रोक लगाउने र सोका लागि प्रशासनको समेत सहयोग लिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस गाउँपालिकाको कानुनी सल्लाहकारका रुपमा अधिवक्ता राजु पौडेल लाई नियुक्त गर्ने साथै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र गाउँ कार्यपालिकाको कार्यालय विरुद्ध परेका मुद्दा सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने अख्तियारी समेत अधिवक्ता राजु पौडेललाई दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

धनसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका